यशोधरा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बैदौली, कपिलवस्तु

५ नं. प्रदेश, नेपाल

पत्र संख्या :-२०७५/७६

चलानी नम्बर :-

मिति : २०७५/४/१०

भारतीय नम्बर प्लेटका सवारी साधन प्रवेश शुल्क सम्बन्धि बोलपत्र आह्ननको सूचना ।

दोस्रो पटक प्रकाशित मितिः २०७६।४।११

यशोधरा गाउपालिका अन्तर्गत मर्यादपुर नाकाबाट प्रवेश गर्ने भारतीय नम्बर प्लेटका मालबाहक सवारी साधन प्रवेश शुल्क आ.ब.०७६।०७७ साल असार मसान्त सम्मका लागि न्यूनतम मूल्यांकन रु. २८,६७,०००।(अक्षरेपी रु. अठ्ठाइस लाख सत्सठ्ठी हजार मात्र) भ्याट बाहेकको मूल्यांकन भई प्रथमपटक २०७६।३।११मा ३० दिने सूचना प्रकाशित गरिएकोमा म्यादभित्र कुनै पनि फारम बिकि नभएकाले पुनःदोस्रोपटक १५ दिने सूचना प्रकाशित गरिएको हुदा इच्छुक ब्यक्ति,फर्म,कम्पनीले तोकिएको न्यूनतम अंकमा नघट्ने गरी रु. ३,०००।(तिन हजार) राजस्व तिरी फर्म खरीद गर्न सक्नेछ ।

देहायका शर्तहरुको अधिनमा रहि बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१.खरिद गरिएको बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा अंक र अक्षरमा भरी प्रत्येक पानामा सहीछाप गरी दोस्रो पटक सूचना प्रकाशित भएको मिति देखि १६औं दिनको १२:००बजे भित्र बोलपत्र दर्ता गरिसक्नुपर्नेछ । दर्ता हुन आएका बोलपत्र सोही दिनको २:०० बजे कार्यालयमा खोलिने छ।

२.बोलपत्र फारमका साथ कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम यस गाउँ कार्यपालिकाको सिद्धार्थ बैंक मर्यादपुर शाखामा रहेको धरौटी खाता नं ०२७१५०८३९३५मा जम्मा गरेको सक्कल बैंक भौचर वा बैंक जमानत पेश गर्नुपर्नेछ ।

३.यस बोलपत्रसम्बन्धि कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको आर्थिक प्रशासन शाखामा सम्पर्क राख्न सकिने छ ।

२०७६।४।१०

नि. प्रमुख प्रशासकिय अधिकृत